# करुणा फाउन्डेसन नेपाल

बालुवाटार काठमाण्डौको आवासीय तथा गैर आवासीय तालिम
सञ्चालन सम्बन्धी

## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

करुणा फाउन्डेसन नेपालद्वारा आ.ब. २०८१/८२ मा आयोजना गरिने विभिन्न किसिमका छोटो समय (५ दिन सम्मका) र लामो समय ( ५ दिन भन्दा बढी ) का आवासीय तथा गैर आवासीय तालिम, सेमिनार, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सक्षम तथा इच्छुक आवासीय सुविधा भएका होटेल, तालिम केन्द्र, बैंकेट आदि कम्पनी वा संस्थाहरूले निम्नलिखित शर्तहरूको अधीनमा रही संलग्न ढाँचा बमोजिमको करुणा फाउन्डेसन नेपालको केन्द्रीय कार्यालय काठमाण्डौं वा प्रदेश कार्यालय इटहरीमा सिलबन्दी दरभाउ पत्र फारम र आर्थिक प्रस्ताव मिति २०८१ भाद्र २५ गते दिनको ५:०० बजे भित्र पेस गर्नुहुन यो सार्वजनिक सूचना आह्वान गरिन्छ।

<u>तपसिल</u>

तालिममा सहभागी सङ्ख्या : एउटा समूहमा बढीमा ३० जना (एकै समयमा दुईभन्दा बढी कार्यक्रम हुन सक्ने)
तालिम हुनसक्ने स्थानहरु: विराटनगर, इटहरी, धरान, बिर्तामोड, दमक, फिदिम, इलाम, हिले, धनकुटा, भेडेटार, खोटाङ्ग, सोलुखुम्बु, काठमाण्डौ, गाईघाट तथा ओखलढुङ्गा

**तालिमको प्रकृति** : आवासीय तथा गैर आवासीय

**१. खरिद गर्न लागिएको सेवा**

क) तालिमका सहभागीहरूका लागि आवास, **दिउँसोको खाना**, **रातीको खाना**, बिहानको खाजा, दिउँसोको खाजा, चिया/कफी तालिम हल तथा पिउने पानी

**२. आवेदकले पुरा गर्नुपर्ने सर्तहरू**

**क) न्यूनतम सेवा सुविधाहरू**

१. चिया, खाजा तथा खानाको व्यवस्था गर्न सक्ने पूर्वाधार तथा मानव संसाधन भएको ।
२. प्रत्येक हलमा करिब ४० जना अट्ने क्षमता हुनुपर्ने साथै सबै हलहरूमा आवश्यक सङ्ख्यामा कुर्सी, टेबल, सेतो पाटी, सफट बोर्ड, मल्टिमिडीया प्रोजेक्टर (एउटा अतिरिक्तसमेत), सेतो पर्दा, समूहगत छलफलका लागि खुला स्थान एयर कन्डिसन मेशिन (AC) एवम् पहुँचयुक्त स्थानमा आवश्यक सङ्ख्यामा शौचालय भएको ।
३. २४ सै घन्टा बिजुली आपूर्तिको व्यवस्था भएको ।
४. २४ सै घण्टा शुद्ध पिउने पानीको उपलब्धता ।
५. प्रभावकारी साउण्ड सिस्टम तथा माइक भएको ।
६. इन्टरनेट सुविधा भएको ।
७. २४ सै घन्टा सुरक्षा व्यवस्था भएको ।
८. आपतकालिन अवस्थाबारे जानकारी दिने प्रणाली तथा वैकल्पिक व्यवस्था भएको ।
९. सहभागीको आवासको सुविधाः एउटा कोठामा २ देखि ३ जना सुत्नका लागि छुट्टा छुट्टै पलङ भएको १०. आवासीय कोठामा शौचालय तथा एयर कन्डिसन (AC) को व्यवस्था भएको ।पहाडी जिल्लाको हकमा हिटरको व्यवस्था भएको ।

११. सहभागीको लागि लुगा सुकाउने स्थान भएको ।

१२. बस्ने कोठा, तालिम हल, रेस्टुरेन्ट आदि अपाङ्गता मैत्री तथा महिला मैत्री भएको ।

**ख) सिलबन्दी दरभाउ पत्र फारम र आर्थिक प्रस्तावका साथ आवेदकले पेस गर्नु पर्ने कागजातहरू :**

एक वा एक भन्दा बढी कम्पनीहरू वा फर्महरूले दिएको एकल वा संयुक्त आवेदनको हकमा सबैले निम्न बमोजिमको कागजात पेस गर्नुपर्दछ ।

१. कम्पनी वा संस्था दर्ता प्रमाण पत्र

२. मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र

३. आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्र

४. यदि कर छुटको प्रमाण पत्र लिएको भए सो को नवीकरण भएको प्रमाण पत्र

५. एक भन्दा बढी समूहको तालिम सञ्चालनका लागि आवेदन दिने सस्थाले यदि आफूसँग पर्याप्त आवासीय सुविधा तथा तालिम स्थल नपुग भएमा माथि भनिएका गुणस्तर पुग्ने नजिकैका अन्य होटलहरुसँग यस सम्बन्धमा भएको सम्झौता पेस गरेर आवेदन दिन सक्नेछ ।

६. सिलबन्दी दरभाउ पत्र खोल्ने मितिः २०८१ आश्विन ४ गते बिहान १० बजे ।

**नोटः आवेदनमा उल्लेख नभएको फर्मलाई सेवा हस्तान्तरण गर्न पाइने छैन ।**

प्राप्त आवेदनहरूमध्ये सबै पूर्व सर्तहरू पुरा गरेका आवेदकहरूलाई प्रारम्भिक छनौट गरी ती सेवा प्रदायकहरुकोमा माथि उल्लेखित भौतिक सुविधाहरूको उपलब्धताको परीक्षण तथा मूल्याङ्कन गर्न स्थलगत भ्रमण गरिनेछ ।स्थलगत भ्रमणमा माथि उल्लेखित सेवा सुविधाहरू भए नभएको मुल्याङ्कन गरी उपयुक्त आवेदकहरूसँग करुणा फाउन्डेसन नेपालले सेवा करार सम्झौता गर्नेछ।तालिम तथा कार्यशाला कहिले र कती दिनको हुने र सहभागीको संख्या कती रहने भन्नेकुरा सोही समयमा तोकिने छ र सोही बमोजीम खरिद आदेश जारी गरीने छ । आवेदन उपर मुल्याङ्कन गरी निर्णय लिने अन्तिम अधिकार करुणा फाउन्डेसन नेपालमा निहित रहनेछ । कुनै आवेदकले छनौट प्रक्रियालाई अनुचित प्रभाव पार्न खोजेमा निजको आवेदन रद्द गरिनेछ ।

नोटः करुणा फाउन्डेसन नेपालको कार्यालय प्रत्येक शनिवार तथा आइतबार बन्द रहने छन्

**सम्पर्क**

जिल्ला सम्पर्क कार्यलय फिदिम : ०२५ ५२३४६१

संयुक्त जिल्ला कार्यलय ओखलढुङ्गा :०३७ ५९०३३३

प्रदेश कार्यलय इटहरी : ०२५ ५८८८०२, ०२५ ५९०२७३

केन्द्रीय कार्यलय, काठमण्डौ : ०१ ४५१३३४०, ०१ ४५१३७१९